कर्णाली....

सञ्चालन तथा व्यवस्थापन प्रमुखहरूले बैंकमा दिनभरि जम्मा भएको निक्षेप केही प्रतिशत मात्र बैंकमा राखेर बेलुका दामासाहीरूपमा भाग लगाएर लिने गरेका थिए । व्यवस्थापन प्रमुखहरूको यो कार्यले बैंक धराशायी भएपछि पटकपटक राष्ट्र बैंकको नियमन विभागले कर्णाली बैंकको नियमन तथा सुपरीवेक्षण गरेको थियो । सुपरीवेक्षणमा आउने राष्ट्र बैंकका कर्मचारीहरूलाई कर्णालीले यथाशक्य मानसम्मान र दक्षिणा दिएर पठाउने गरेको थियो । यस्तो दक्षिणाको रूपमा १० लाख रूपैयाँ राष्ट्र बैंककै सहायक कार्यकारी निर्देशक बस्नेतको खातामा गएको देखिएपछि कर्णाली विकास बैंक घोटाला प्रकरणमा राष्ट्र बैंकको नियमन विभागका कर्मचारी समेतको ठूलो हात रहेको प्रमाण सीआईबीले फेला पारेको हो ।

सीआईबीका अनुसार यसअघि पक्राउ परेका तीन व्यक्तिलाई हिरासतमा राखेर गरेको अनुसन्धान र कर्णाली विकास बैंकमा समस्या रहिरहेको अवस्थामा राष्ट्र बैंकको नियमन तथा सुपरीक्षण विभागका कर्मचारीले पटकपटक कर्णाली विकास बैंकको अनुगमन गरेका थिए । यसरी अनुगमन गरिए पनि बैंकको अवस्था राम्रो रहेको भन्ने रिपोर्ट राष्ट्र बैंकमा बुझाइएको थियो । अनुगमनका गएका कर्मचारीहरूको यही बदमासीका कारण बैंक धराशायी भएर सर्वसाधारण दुई अर्ब ५० करोड रूपैयाँभन्दा बढी रकम डुब्न पुगेको भन्दै सीआईबीले त्यतिबेला अनुगमनमा जाने राष्ट्र बैंकका केही कर्मचारीप्रति लक्षित गरेर अनुसन्धान सुरु गरेको थियो ।

सम्भवतः नेपालको इतिहासमा एउटा बैंक घोटाला प्रकरणमा राष्ट्र बैंककै सुपरीवेक्षण विभागका सहायक कार्यकारी निर्देशक पक्राउ परेको र सुपरीवेक्षण विभागमाथि नै अनुसन्धान सुरू गरिएको यो पहिलो घटना हो ।

सीआईबीका अनुसार राष्ट्र बैंकका अनुगमन विभागै कर्मचारीप्रति अनुसन्धान गर्नुको प्रमुख कारण कर्णाली विकास बैंक अप्ठेरो अवस्थामा रहेकै समय अनुगमनमा पुगेका कर्णाली विकास बैंकको सुपरीवक्षेणमा खटिएका राष्ट्र बैंकका तत्कालीन सहायक निर्देशक बस्नेतको खातामा १० लाख रूपैयाँ गएको देखिएको थियो । सोही आधारमा सीआईबीले अनुसन्धानकै क्रममा शुक्रबार ६१ वर्षीय बस्नेतलाई पक्राउ गरेको हो । सीआईबीका अनुसार पक्राउ परेका बस्नेत एक वर्षअघि मात्र राष्ट्र बैंकको सहायक निर्देशक पदबाट अवकाश पाएका थिए । अनुसन्धानमा क्रममा बस्नेतको भूमिका निकै शंकास्पद देखिएपछि उनलाई पक्राउ गरी अनुसन्धान सुरू गरिएको सीआईबीले जानकारी दिएको छ ।

नेपालगञ्जमा केन्द्रीय कार्यालय रही क्षेत्रीयस्तरको बैंकिङ कारोबार सञ्चालन गर्दै आएको कर्णालीको हाल तुलसीपुर, लमही, घोराही, गडवा, भुरीगाउँ, भालुवाङ, सानोश्री, बाँसगढी, ठाकुद्वारा, राजापुर, खजुरा, कोहलपुर, बैजापुर, सिसेनिहा, विजयपुर, नारायणपुर, शमशेरगञ्जसहितका १९ वटा शाखाहरु सञ्चालनमा रहेका छन् । तोकिएबमोजिमको न्यूनतम पुँजीकोष कायम नगरेको, निष्क्रिय कर्जा ४० दशमलव ८५ प्रतिशत पुगेको लगायतका समस्या देखिएकै आधारमा यसअघि मंसिर ११ गते राष्ट्र बैंकले कर्णालीलाई शीघ्र सुधारात्मक कारबाही गरेको थियो । शीघ्र सुधारात्मक कारबाही गरे पनि तत्काल सुधार हुने अवस्था नदेखिएपछि राष्ट्र बैंकले कर्णालीको सञ्चालक एवं व्यवस्थापन समितिमा हस्तक्षेप गर्दै समस्याग्रस्त घोषणा गरेको थियो ।

समस्याग्रस्त घोषणा गर्दै राष्ट्र बैंकले उक्त बैक सञ्चालनका लागि बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक टीकाराम खतिवडाको संयोजकत्वमा तीन सदस्यीय व्यवस्थापन समिति गठन गरेको छ । राष्ट्र बैंकका अनुसार उक्त समितिमा वित्तीय संस्था सुपरीपेक्षण विभागका उपनिर्देशक विष्णुकुमार विश्वकर्मा र कानुन महाशाखाका उपनिर्देशक जुगल किशोर कुशवाहासहित तीन जना रहेका छन् । समितिले बिहीबारदेखि नै कार्य प्रारम्भ गर्ने राष्ट्र बैंकले जानकारी दिएको छ । राष्ट्र बैंकले उक्त समितिलाई विशेष साधारणसभाको समेत काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने समेतको अधिकार दिएको छ । समितिलाई सर्वसाधारणको हित संरक्षणलाई केन्द्रित गर्दै बचतकर्ताको बचत भुक्तानी र संस्थाको ऋण असुलीलाई प्राथमिकता दिई कार्य गर्ने, संस्थाको 'ड्यु डेलिजेन्स अडिट' सम्पन्न गराउन आवश्यक कार्य गर्ने, संस्थामा भएका वित्तीय अपचलनउपर आवश्यक छानबिन गरी कानुनी कारबाही प्रक्रियाअघि बढाउनेलगायत अख्तियारी प्रदान गरेको छ ।

राजनीतिक....

कार्यालयलाई सुझाव दिने निर्णय गरिएको थियो । समितिले करिब दर्जनवटा सार्वजनिक सरोकारका गम्भीर विषयलाई समेत उच्च प्राथमिकता दिई बैठकको कार्यसूची बनाई छलफल गरेको बताएको छ । समितिका सभापति पोखरेलका अनुसार यी सम्पूर्ण कामहरु समिति गठन भई कार्य सुरू गरेको करिब २२ महिनाको अवधिमा गरिएको बताएका छन् ।

संघीय संसद्अन्तर्गत प्रतिनिधिसभाको एक स्थायी समिति जसले सरकारी खर्चको पारदर्शिता जवाफदेहिता र प्रभावकारिता सुनिश्चित गर्न मुख्य भूमिका खेल्दै आएको देखिन्छ । सरकारी खर्चको लेखाजोखा र जाँचबुझ गर्नु तथा महालेखा प्रतिवेदनमा उल्लेखित अनियमितता र बेरूजुको छानबिन गर्नु, सार्वजनिक सम्पत्ति र स्रोतको दुरूपयोग छ/छैन अनुगमन गर्नु र वित्तीय सुशासन र आर्थिक अनुशासन कायम गर्न सरकारलाई सुझाव दिनुलगायतका समितिको उद्देश्य तथा प्रमुख कार्य रहेकोमा सोही अनुरूप काम गरिएको बताइएको छ । सभापति पोखरेलका अनुसार समितिले महालेखापरीक्षकको ६०औं, ६१औं र ६२औं वार्षिक प्रतिवेदनको बारेमा तथा बेरूजुको बारेमा आवश्यक कामकारबाही गरिएको छ । महालेखापरीक्षकको प्रतिवेदनमा देखिएको बेरूजु फछ्यौट गर्ने उद्देश्यले बेरूजु फछ्र्यौट समिति गठनका लागि अच्युत मैनालीको नेतृत्वमा समिति गठन गरिएको थियो । ६२औं प्रतिवेदन अनुरूप कुल बेरूजु १२ खर्ब ८४ अर्ब २१ करोड रूपैयाँ छ ।

राष्ट्रिय...

एक वर्ष नपुग्दै पूर्ण सरकारी स्वामित्वमा रहेको आरबीबीमा अध्यक्ष नियुक्त भएका हुन् । यो केवल कानुनको उल्लङ्घन मात्रै होइन, यो त राज्य सञ्चालनप्रतिको उदासीनता र सत्ताको निरंकुशता पनि हो । ढकाल योग्य होलान्, तर अयोग्य समय हो । ढकाल तीन दशकभन्दा बढी समय राष्ट्र बैंकमा काम गरेका, विभिन्न विभाग प्रमुख तथा प्रवक्ताको भूमिका सम्हालेका, व्यवस्थापनमा स्नातकोत्तर गरेका व्यक्ति हुन् । उनको अनुभव र योग्यता शङ्काको विषय होइन । तर कानुन भनेको योग्यता होइन नियमको पालना हो । संविधानको शासनमा चल्ने राष्ट्रमा नियमभन्दामाथि कोही हुँदैन । योग्य व्यक्तिको पनि अयोग्य समयमा गरिने नियुक्ति गलत हुन्छ ।

हाल बैंकको सञ्चालक समितिमा अध्यक्षसहित महेश भट्टराई, लक्ष्मण घिमिरे, डा. रामप्रसाद ज्ञवाली, रोमिला ढकाल उप्रेती र डा. सूर्यबहादुर राणा सदस्य छन् । अर्थ मन्त्रालय सहसचिव भई भन्सार विभागका महानिर्देशक भएका अहिलेका अध्यक्ष महेश भट्टराईले नेपालको कानुन हेर्नु त के त्यसबारे सोच्दा पनि सोचेनन् । जुन कानुनभन्दा पनि आफ्ना मान्छे पैसावाल ठाउँमा राख्ने ओली सरकारको निरन्तरता हो ।

संवेदनशील संस्थामा राजनीतिक पहुँचको जीवन्त उदाहरण हो । बीमा प्राधिकरणमा शरद् ओझा, राष्ट्र बैंकमा विश्व पौडेल, आरबीबीमा ढकाल यी नियुक्तिहरु सानो कुरा होइनन् । यी संवेदनशील संस्थाहरु अर्थतन्त्रका मेरूदण्ड हुन् । यहाँ गरिने नियुक्तिहरु दीर्घकालीन नीतिगत परिणाम दिने खालका हुन्छन् । तर यिनै स्थानमा नियमविपरीत पूर्वकर्मचारी र सत्तानजिकका व्यक्तिहरूलाई राख्नुले वित्तीय संस्थाहरूको निष्पक्षता र विश्वसनीयतामै प्रश्न उठाउँछ ।

यो नैतिकता र सपथको अवमूल्यन हो । ढकाल स्वयं एक कानुनविद् होइनन् होला तर उनी कार्यकारी निर्देशकको रूपमा राष्ट्र बैंकमा थिए । उनलाई राष्ट्र बैंकको ऐन थाहा नहुनु असम्भव छ । अवकाशपछिको नियम जान्दाजान्दै, कुन नैतिक आधारमा उनले अध्यक्ष पदको सपथ लिएका हुन् । के कानुनको उल्लङ्घन गरेर लिइएको पद नैतिकरूपमा वैध हुन्छ ? के सपथको अर्थ 'कानुनको पालना गर्छु' भन्ने हो वा केवल औपचारिकता ?

वित्तीय शासनप्रतिको जनता चेतना र प्रतिरोधः शासकीय निकायले यसरी कानुनलाई 'कागजको खोस्टो' बनाएर राख्न थालेपछि जनता चुप बस्नु गम्भीर गल्ती हुन्छ । करदाता नागरिकको पैसाले सञ्चालन हुने संस्थाहरूमा राजनीतिक हैकमको ठाउँ हुँदैन । 'शासकहरु राष्ट्रका मालिक होइनन्, जनताको तलबभोगी सेवक हुन्' भन्ने कुरा व्यवहारमा देखिनुपर्छ ।

शासन भनेको नियममा आधारित विश्वास हो । नेपालमा शासन शब्दको अर्थ अझैसम्म 'नियुक्ति' र 'स्वार्थ'मा सीमित देखिन्छ । तर शासन भनेको नियम र मूल्यमा आधारित प्रणाली हो । ढकालको नियुक्ति कानुनको पालना गरेर नभई, सत्ता र पहुँचको दम्भमा गरिएको निर्णय हो । यदि यस्तो प्रवृत्ति समयमै सच्याइएन भने, नेपालको वित्तीय प्रणालीमाथिको विश्वास र स्थायित्व दुवै गुम्न सक्छ ।

(७) बैंकको कार्यकारी निर्देशकले आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले तीन वर्षसम्म र अन्य अधिकृतस्तरका कर्मचारीले आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले दुई वर्षसम्म कुनै पनि वाणिज्य बैंक वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्नु हुदैन ।

(८) यस उपविनियममा तोकिएको समयावधि पूरा भएपछि कुनै पनि वाणिज्य बैंक वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्नको लागि बैंकबाट पुर्व स्वीकृत लिनुपर्नेछ ।

१०६क. वाणिज्य बैङ्क वा वित्तीय संस्थामा काम गर्न नहुने : (१) गभर्नर भइसकेको व्यक्तिले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्न हुँदैन ।

(२) डेपुटी गभर्नर र बैङ्कका कार्यकारी निर्देशक आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले तीन वर्षसम्म र बैङ्को अधिकृत स्तरको कर्मचारी आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले दुई वर्षसम्म कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्न हुँदैन ।

तर यस उपदफामा तोकिएको समयावधि पुरा भएपछि कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्नको लागि सम्बन्धित डेपुटी गभर्नर, कार्यकारी निर्देशक वा अधिकृतले बैङ्को पूर्व स्विकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट नियुक्ति हुने पदमा यो व्यवस्था लागू हुने छैन ।

कसरी...

६२ करोड पुगेको छ । एक वर्षअघि निक्षेप संकलन ६१ खर्ब २९ अर्ब ३१ करोड रूपैयाँ थियो ।

२०८० पुस मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०८१ पुस मसान्तमा १५ दशमलव ९८ प्रतिशतले बढेर ५४ खर्ब ३२ अर्ब १ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ४६ खर्ब ८३ अर्ब ६८ करोड रूपैयाँ थियो । २०८१ पुस मसान्तमा कुल कर्जा र कुल निक्षेप अनुपात ८१ दशमलव २९ प्रतिशत रहेकोमा २०८० पुस मसान्तमा ७६ दशमलव ४१ प्रतिशत थियो ।

क्षेत्रगत कृषि कर्जातर्फ २०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा प्रवाह भएको कर्जा तीन दशमलव ३४ प्रतिशतले बढेर तीन खर्ब ४१ अर्ब ६० करोड पुगेको छ । २०८० पुसमा यस्तो कर्जा चार दशमलव ११ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी ६९ अर्ब ३६ करोड रूपैयाँ पशुपालनका लागि प्रवाह भएको छ भने सबैभन्दा कम सुर्तीका लागि २४ करोड १४ लाख रूपैयाँ प्रवाह भएको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको अंश १६ दशमलव ६६ प्रतिशत, मधेश प्रदेशको अंश १८ दशमलव ९२ प्रतिशत, बागमती प्रदेशको अंश ३५ दशमलव १६ प्रतिशत, गण्डकी प्रदेशको अंश सात दशमलव ६२ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५ दशमलव ३४ प्रतिशत, कर्णाली प्रदेशको अंश एक दशमलव ५१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश चार दशमलव ७९ प्रतिशत छ ।

क्षेत्रगत औद्योगिक कर्जा पनि २०८० पुस मसान्तको तुलनामा २०८१ पुसमा १७ दशमलव ६६ प्रतिशत बढेर १६ खर्ब ४६ अर्ब ७० करोड पुगेको छ । २०८० पुस मसान्तमा यस्तो कर्जा चार दशमलव १९ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३० दशमलव ३१ प्रतिशत छ । औद्योगिक कर्जामध्ये खानीसम्बन्धी उद्योगमा शून्य दशमलव ७० प्रतिशत, कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योगमा २० दशमलव ८१ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३७ दशमलव ९६ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा ११ दशमलव ५६ प्रतिशत, विद्युत् ग्यास तथा पानीसम्बन्धी उद्योगमा २४ दशमलव ६३ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिकसम्बन्धी उद्योगमा चार दशमलव ३४ प्रतिशत कर्जा प्रवाह भएको छ ।

२०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा कोशी प्रदेशमा १३ दशमलव ५९ प्रतिशत, मधेश प्रदेशमा १० दशमलव ९७ प्रतिशत, बागमती प्रदेशमा २१ दशमलव ११ प्रतिशत, लुम्बिनी प्रदेशमा नौ दशमलव ३४ प्रतिशत, कर्णाली प्रदेशमा १४ दशमलव ९५ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा शून्य दशमलव १४ प्रतिशतले वृद्धि भएको छ भने गण्डकी प्रदेशमा प्रवाह भएको औद्योगिक कर्जा दुई दशमलव २६ प्रतिशत घटेको छ । सम्बन्धित प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट भएको लगानीका आधारमा औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ११ खर्ब ७९ अर्ब छ करोड अर्थात ७१ दशमलव ६० प्रतिशत कर्जा लगानी भएको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम तीन अर्ब ७९ करोड रूपैयाँ अर्थात् शून्य दशमलव २३ प्रतिशत लगानी भएको छ ।

औद्योगिक कर्जामा कोशी प्रदेशमा प्रवाहित कर्जाको हिस्सा आठ दशमलव ९६ प्रतिशत, मधेश प्रदेशको हिस्सा सात दशमलव ६० प्रतिशत, बागमती प्रदेशको हिस्सा ७१ दशमलव ६० प्रतिशत, गण्डकी प्रदेशको हिस्सा एक दशमलव ७४ प्रतिशत, लुम्बिनी प्रदेशको हिस्सा आठ दशमलव ३४ प्रतिशत, कर्णाली प्रदेशको हिस्सा शून्य दशमलव २३ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा प्रवाहित कर्जाको हिस्सा एक दशमलव ५३ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

वित्तीय सेवा २०८१ पुस मसान्तसम्ममा वाणिज्य बैंकका पाँच हजार ७८, विकास बैंकका एक हजार एक सय ३२, फाइनान्स कम्पनीका दुई सय ९१, लघुवित्त वित्तीय संस्थाका पाँच हजार ४४ गरी जम्मा ११ हजार पाँच सय ४५ शाखा सञ्चालनमा छन् । यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी तीन हजार ४१ शाखाहरु तथा कर्णाली प्रदेशमा सबैभन्दा कम चार सय ७७ शाखाहरु सञ्चालनमा रहेको प्रतिवेदनमा उल्लेख छ ।

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

देवी बहादुर कार्कीको बुहारी, पूर्ण बहादुर कार्कीको पत्नी, सिन्धुपाल्चोक जिल्ला, पाग्रेटार गा.वि.स. वडा नं. ९ भई हाल सिन्धुपाल्चोक जिल्ला, सुनकोशी गा.पा. वडा नं. ७ बस्ने यस बैंकको खाडिचौर शाखा कार्यालयको खातावाला सूर्यमाया कार्कीको मिति २०८०/०९/०५ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा संजिव कार्कीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

भिम सुन्दर महर्जनको नाति, पार सिं महर्जनको छोरा, विष्णु माया महर्जनको पति, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २० (साविक ललितपुर न.पा. वडा नं. २१) बस्ने, यस बैंकको ललितपुर शाखाका खातावाला नायचा महर्जनको मिति २०८१/११/१५ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. ०६६०१३३७६६६०००११ मा भएको रकम पाउँ भनी निज खातावालाको छोरा, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २० (साविक ललितपुर न.पा. वडा नं. २१) बस्ने, नाती बाबु महर्जनले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : ललितपुर
फोन नं.०१-५५३३६५४, फ्याक्स :०१-५५३८५५०

ग्लोबल आइएमई बैंक लिमिटेडको
निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको थवाङ शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी चामसरी बुढाको मिति २०८१/०२/१० मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान धन बहादुर बुढाबाट मिति २०८२/०३/१५मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
थवाङ शाखा
फोन नं.: ९८०२२६१२५९
ग्लोबल कनेक्ट: ०१-५९७०६००

बीमा मध्यस्तकर्ता (अभिकर्ता) आधारभुत तालिम सम्बन्धि सुचना

नेपाल को बीमा क्षेत्रको नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणद्धारा स्विकृत प्राप्त यस प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स कम्पनीमा जीवन बीमा कम्पनीको अभिकर्ता भई राष्ट्को सामाजिक तथा आर्थिक रुपान्तरणमा अभियन्ताको रुपमा कार्य गर्न इच्छुक व्यक्तिहरुका लागि यस कम्पनीले आफ्नो प्रदेश कार्यालय, शाखा तथा उपशाखा कार्यालयहरुबाट बिभिन्न मितिहरुमा तीन दिने जीवन बीमा अभिकर्ता आधारभुत तालिम संचालन गर्ने व्यवस्था गरिएको जानकारी गराउँदछौ ।
यस कम्पनीद्धारा आ.ब.२०८२/८३ मा संचालन हुने जीवन बीमा अभिकर्ता आधारभुत तालिमको बिस्तृत बिवरण कम्पनीका वेभसाइट www.pmlil.com मा राखिएको छ। जीवन बीमा अभिकर्ता भई कार्य गर्न ईच्छुक न्युनतम १०२ वा सो भन्दा माथि उत्तीर्ण महानुभावहरुले आफुलाई पायक पर्ने कम्पनीको केन्द्रिय कार्यालय, प्रदेश कार्यालय, शाखा तथा उपशाखा कार्यालयहरुमा सम्पर्क गरी, तालिममा सहभागी भई दक्ष अभिकर्ताको रुपमा आफ्नो व्यक्तित्व बिकास गर्ने मौकाको सदुपयोग गर्न हुन आव्हान गर्दछौ ।

Prabhu Mahalaxmi Life
प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड
कमलादी, काठमाडौं, नेपाल
फोनः ०१-५३६२२२३
ई-मेलः info@pmlil.com

Vacancy Announcement for Volunteer Doctors

The Himalayan Rescue Association Nepal is seeking for qualified volunteer doctors to provide medical service at HRA Pheriche & Manang Aid-posts for the period not more than 3 months (17th Sept. to 11th Dec., 2025) in Solukhumbu and Manang district. Doctors with knowledge in Travel and Mountain Medicine is in priority. Interested Doctors are requested to send the application along with CV and copy of the certificates and recent passport size photograph in the address given below within 15 days.

No. of Doctors needed = 6 (Manang-3 & Pheriche-3)

Only short listed candidates will be called for an interview.

Himalayan Rescue Association Nepal
P.O. Box: 4944, Kathmandu
Phone: 4540292, 4540293
Email: hra@himalayanrescue.org
(The Association reserves the right to accept or reject application without giving reason)

बीमालेख हरायो

मिति २०८२/०३/२५ गते नुवाकोट जिल्लाको बिदुरदेखि काठमाडौँ जाने क्रममा मेरो हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडबाट जारी भएको बिमालेख हराएको हुँदा उक्त बिमालेख फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यलय वा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : भवानी भट्ट
ठेगाना : नुवाकोट
बिमालेख नं. : PLI१०१०००४११२
सम्पर्क नं. : ९८४३११७८४४
हिमालयन लाइफ इन्स्योरेन्स लि.
शाखा कार्यालय, नुवाकोट

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०५६-०९-२० मा दर्ता भएको दर्ता नम्बर ११८६७ को श्री रत्न एण्ड हिरा निर्माण सेवा नामक कम्पनी यस कार्यालयको मिति २०८२-०३-१९ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Government of Nepal
Ministry of Physical Infrastructure & Transport
Department of Roads

Roads Division Damak

Invitation of Bid

Notice Number: 1-2082/83

Date of Publication: - 2082-04-04 (20th July 2025)

1. Roads Division Damak invites electronic bids under e-procurement system from duly registered eligible national bidders for the following Works.

S. N.	Contract Identification No.	Description and Location of Work	Estimate Amount (without VAT, PS & Contingencies) NRs.	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Bid Validity Period / Bid Security Validity Period	Remarks
1	RD-DMK/337310113 (Rec)/2082/083-01	Recurrent Maintenance Works along Mechi Highway NH02 (Charali to Chihanedanda Section) and Birtamode Chandragadhi Road NH04 (Muktichowk-Dhaula Culvert Section)	32,61,741.25	3,000.00	85,000.00	90 days / 120 days	Single Stage Single Envelope Bidding Procedure

2. Details of Bid

Last date of Submission	Date of Bid Opening	Pre-bid meeting
2082-05-03 (19th Aug 2025) Time:-12:00 hrs	2082-05-03 (19th Aug 2025) Time:-12:15 hrs	2082-04-23 (8th Aug 2025) Time:- 11:00 hrs

3. Information to Deposit the Bid Security Amount (In Case of Cash Deposit)

Name of Bank	Account Name	Deposit Account No.
Rastriya Banijya Bank Ltd, Bhadrapur, Jhapa	Ko. Le. Ni. Ka. Jhapa	2210100102030000

4. Information to Purchase the Bidding Document

Name of the Bank	Name of the Office	Office Code No.	Office Revenue Account No.	Office Revenue Head No.
Rastriya Banijya Bank Ltd, Damak, Jhapa	Road Division Damak, Jhapa	337011201	1000200010000	14229

5. Eligible Bidders are advised to visit the PPMO's website https://bolpatra.gov.np/egp for further details.

कम्पनीको नाम परिवर्तनको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०४/०४

यस कम्पनीको मिति २०८१/०७/०२ मा बसेको विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी **युनाइटेड ग्लोबल कन्सल्टिङ्ग एजेन्सी नेपाल प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८१/०७/११ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **मनसुन कन्सल्टिङ्ग एजेन्सी नेपाल प्रा. लि.** कायम गरिएको व्यहोरा जानकारी गराइन्छ ।

सुचना !

दोस्रो पटक प्रकाशित मिति २०८२/०४/०४

यस नर्थ समिट हाइड्रो लिमिटेडको संस्थापकहरुलाई छुट्याइएको शेयर मध्ये कम्पनीको जगेडामा रहेको शेयर बिक्रि गर्नु पर्ने भएको हुँदा हाल कायम रहेका संस्थापक शेयरधनीहरुबाट शेयर खरिदको लागी यो सूचना प्रथम पटक प्रकाशन भएको मिति (२०८२।०३।२५)ले ३० दिन भित्र निवेदन आह्वान गरिएको छ। अन्य आवश्यक कुराहरु संचालक समितीले निर्णय गरे अनुसार हुनेछ।

नर्थ समिट हाइड्रो लिमिटेड
बबरमहल, काठमाडौं
फोन नं. : ०१-५३१९१४३